माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या ९ राजपत्रमा प्रकाशित मिति : २०७४/१२/०७

**भाग -१**

**माई नगरपालिका**

## माई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७४

सभाबाट स्वीकृत मिति : २०७४/१२/०७

प्रमाणिकरण मिति: २०७४/१२/०७

| ऐन संख्या :- | ६८ ....... |
|---|---|

# माई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४/१२/६ |
|---|---|
| स्थानीय राजपत्रमा प्रकाशित मिति :- | |

माई नगरपालिका

इलाम जिल्ला

१ नं प्रदेश

| ऐन संख्या :- | ....... |
|---|---|

माई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

प्रमाणीकरण मिति : २०७४/१२/०६

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७४/....

## २०७४ सालको ऐन नं. ....

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम माई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम माई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन माई नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले माई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले माई नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले माई नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त माई नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

२०७४/१२/०६ दीपक कुमार श्रेष्ठ नगर प्रमुख

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही माई नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

दीपक कुमार भैं
नगर प्रमुख



आज्ञाले ,
नाम : कालिदास ढकाल
प्रमुख प्रशासकीय अधिकृत